


AMC Journal (Pp. 151-161)
(A Peer-Reviewed, Open Access Journal, Indexed in NepJOL)

**Research Management Cell**

**Adarsha Multiple Campus, Gajuri, Dhading**

DOI: https://doi.org/10.3126/amcj.v5i1.76192

ISSN: 2717-4808 (Print) 2738-9987 (Online)

# *थैले खत्रीको इतिहास* कथामा वर्ग सङ्घर्षका सन्दर्भहरू

हिममाया पौडेल*

**सार**

*प्रस्तुत लेख 'थैले खत्रीको इतिहास' कथामा वर्ग सङ्घर्षको सन्दर्भ खोजी गर्नमा केन्द्रित रहेको छ । नेपाली समाजको निम्न वर्गीय पात्र थैले खत्रीले उच्च वर्गका व्यक्ति तथा पुँजीवादी समाजबाट पाएको दुःख, हन्डर, पीडा र शोषणका साथै उसले विद्रोह गरेको अवस्थाको विश्लेषण गर्नु यस लेखको उद्देश्य रहेको छ । गुणात्मक तथ्य प्राप्तिका लागि प्राथमिक सामग्रीका रूपमा थैले खत्रीको इतिहास कथा र द्वितीयक सामग्रीका रूपमा अनुसन्धानमूलक पुस्तक, लेख तथा पाठ्यसन्दर्भहरूको अनुशीलन गरी पुस्तकालयीय कार्यबाट तथ्य सङ्कलन गरिएको यस लेखमा आफ्नो खेतमा पटकपटक गोरु नार्ने, श्रीमतीलाई अपशब्द बोल्ने, गाउँ निकाला गर्ने, उचित न्याय दिने भनिएका बडाहाकिमले उल्टै अन्यायमा पार्नेजस्ता गरिबहरूप्रति गरिएका नियोजित षड्यन्त्रका विरुद्ध थैले खत्री सङ्घर्षरत देखिन्छ । आफूलाई खोज्दै आएको एक पुलिससँग जम्काभेट हुँदा दोहोरो भिडन्तका क्रममा त्यस पुलिसलाई नै समाप्त पार्न सक्षम भएकाले वर्ग सङ्घर्षको स्थिति खत्रीमा उच्च रूपमा उजागर भएको देखिन्छ । त्यसैले यस लेखमा आर्थिक तथा सामाजिक रूपमा समान हैसियत र अवसरको चाहनाका स्वरूप सर्वहारा वर्गले पुँजीपति वर्गप्रति गरेको विद्रोही क्रियाकलाप नै कथाले वरण गरेको उपयुक्त वर्गसङ्घर्ष भएको निष्कर्ष निकालिएको छ ।*

***मुख्य शब्दावली :*** आर्थिक उत्पीडन, पुँजीवाद, प्रगतिवाद, मार्क्सवादी साहित्य, वर्ग सङ्घर्ष, सर्वहारा ।

* श्री हिममाया पौडेल पृथ्वीनारायण क्याम्पस, पोखरामा उपप्राध्यापक हुनुहुन्छ ।
Email: himmayapoudel10@gmail.com

## परिचय

वि.सं. २०१० पुस २७ गते भोजपुर जिल्लाको गोगनेमा जन्मेका प्रदीप नेपाल साहित्य लेखन र राजनीतिमा संलग्न व्यक्तित्व हुन् । सञ्जय थापाका नामले साहित्यमा सुपरिचित नेपाल वि.सं. २०१९ मा **सुन्दर हिमाल** कविता प्रकाशित गरेर साहित्य क्षेत्रमा प्रवेश गरेका हुन् । यिनको कथा यात्राको आरम्भ भने वि.सं. २०२६ मा चितवनबाट प्रकाशित नौलो राँको पत्रिकामा प्रकाशित 'गाइड' कथाबाट भएको हो । यिनका **सूर्यमान** (२०४३), **कथाभित्रका नारी अनुहारहरू** (२०४७), **परोपकार यात्रा** (२०५०), **बेचिएका चेलीहरू** (२०५५), **धरहराको सहर** (२०६२) र **बाघमारेको लालसलाम** (२०६४) जस्ता कथासङ्ग्रहहरू प्रकाशित छन् (लामिछाने र लामिछाने, २०७९, पृ. १९३) । त्यस्तै उनका उपन्यास, नियात्रा, कविता र लेखहरू पनि प्रकाशित छन् । राजनीति र साहित्य दुवै क्षेत्रमा सशक्त रूपमा अघि बढेका नेपालले जेजस्तो समाज र जनजीवन देखे, त्यसलाई कलात्मक रूपमा साहित्यमा अभिव्यक्त गरेका छन् । वर्गीय उत्पीडन, जातीय र लैङ्गिक विभेद, निरङ्कुश सत्ताको दमन र त्यसका विरुद्धको प्रतिरोध तथा घात प्रतिघात, आशा निराशाको घतलाग्दो चित्रण नेपालका कथामा पाइन्छ । चेलीबेटी बेचविखन, नारी उपेक्षा र नारी अपमान गर्ने सामाजिक व्यवस्था र जिम्मेवार निकायप्रति उनी क्रूर देखिन्छन् । समाजले नारीलाई गरेका दुर्व्यवहारका कारण मानसिक अभिघात सहेर आत्महत्या गर्न बाध्य हुने स्थितिप्रति उनले गम्भीर ध्यान आकर्षण गरेका हुन्छन् (पौड्याल, २०७७/२०७८, पृ.१४६) । यस विचारले कथाकार असमान व्यवस्थाप्रति आन्दोलित भएको अवस्थालाई उजागर गरेको देखिन्छ । उनले आफ्ना कथाहरूमा समसामयिक राजनीतिक र सामाजिक द्वन्द्वलाई प्रस्तुत गरेको पाइन्छ । त्यसैले कथाकार नेपाल सामाजिक र राजनीतिक क्षेत्रका विषयवस्तुलाई बढी मात्रामा कथा लेखनको आधार बनाउँछन् । खासगरी यिनका कथामा नेपाली समाजका समस्या, राजनीतिकर्मीहरूका गैरजिम्मेवार प्रवृत्ति, उनीहरूका आचरण, व्यवहार र पदीय दुरुपयोगको खुलेर उद्घाटन गरिएको पाइन्छ (लामिछाने र लामिछाने, २०७९, पृ. १९५) । पञ्चायती शासन कालमा भएका शोषण दमनको आलोचनात्मक यथार्थवादी चेतनाको अभिव्यञ्जना प्रस्तुत गर्दै निम्न वर्गप्रति सहानभूति प्रकट गर्ने नेपाल वि.सं. २०६२ सालको युद्ध कालमा सेना र विद्रोहीद्वारा सताइएका नेपाली नागरिकको कथा र व्यथालाई सचेत पात्रका माध्यमबाट मुखरित गर्छन् । कथाकार नेपालका कथामा समाज र राजनीतिका विषयवस्तु, आलोचनात्मक यथार्थवाद, वर्गीय असमानताको चित्रण, निम्न वर्गका पात्रहरूप्रति सहानुभूति, जीवनवादी अभिव्यक्ति, राजनीतिकर्मीको भ्रष्ट, गैरजिम्मेवार क्रियाकलापप्रति घोचपेच, क्रान्तिकारी चेतना, ग्रामीण तथा सहरिया परिवेशको यथार्थ चित्रण र सरल, सहज र सम्प्रेषणयुक्त भाषा प्रमुख प्रवृत्ति रहेका छन् ।

जीवनका विभिन्न काल खण्डमा अत्याचारपूर्ण व्यवहार तथा क्रियाकलापका विरुद्ध निम्न वर्गका मानिसले गर्ने सङ्घर्ष र त्यसलाई प्राप्त जनसमर्थन नै प्रगतिवादी साहित्य हो । आफ्नो जीवन कालमा निम्न वर्गको व्यक्ति थैले खत्रीले उच्च वर्गको व्यक्ति ख्याउटेसँग गरेको सङ्घर्षको

स्थितिलाई सूक्ष्म विश्लेषण गर्नु यस लेखको उद्देश्य रहेको छ। त्यसैले मार्क्सवादी साहित्यका विश्लेषणका विभिन्न पक्षहरूमध्ये वर्ग सङ्घर्ष नै यस अध्ययनको मूल आधार रहेको छ।

## पूर्वकार्यको पुनरवलोकन र अध्ययनको औचित्य

मार्क्सवादी समालोचनाका सन्दर्भमा ढकाल (२०५४, पृ.१-१२) को *मार्क्सवादी सौन्दर्यशास्त्रको विवेचना* शीर्षकको पुस्तक प्रकाशित भएको पाइन्छ। यसमा मार्क्सवादी सौन्दर्यशास्त्रको विषय, कला र यसको प्रकृति, सौन्दर्यपरक प्रवर्ग, कलात्मक संज्ञान र प्रतिबिम्बन सिद्धान्त, कला र बिम्ब, कला र विचारधारा, अन्तर्वस्तु र रूप, समाजवादी यथार्थवादलगायतका विभिन्न उपशीर्षकहरूमा चर्चा गरिएको छ। मार्क्सवादी सौन्दर्यशास्त्रको विवेचना गर्ने उद्देश्यले तयार गरिएको यस पुस्तकमा मार्क्सवादी सौन्दर्यशास्त्रले कला धारणामा यथार्थ र विज्ञानसम्मत मार्ग अवलम्बन गरेको, द्वन्द्ववादी दृष्टिकोणलाई अवलम्बन नगरी कलाको सारसम्म पुग्न सम्भव नहुने दृष्टि राखेको, कला सामाजिक चेतना र मानव कार्यकलापको एक विशिष्ट रूप भएको लगायतका विचारहरू व्यक्त गरिएको छ। त्यसैगरी सौन्दर्यशास्त्रलाई मार्क्सवादको मूल प्रतिपाद्य मान्दै यसबारे अध्ययन लेखन हुँदै आएको देखिन्छ। बराल (२०५६) को *उपन्यासको सौन्दर्यशास्त्र* पुस्तकमा उपन्यास विधाको सौन्दर्यशास्त्रीय अध्ययन भएको छ। यस पुस्तकमा उपन्यास अध्ययनः स्वरूप र प्रवृत्ति, उपन्यास संरचना र संरचनात्मक पक्ष, उपन्यास चिन्तनका सौन्दर्यशास्त्रीय पक्षहरू, उपन्यासको मार्क्सवादी सौन्दर्यशास्त्रलगायतका पक्षमा चर्चा गरिएको छ। उपन्यासको मार्क्सवादी सौन्दर्यशास्त्रअन्तर्गत उपन्यासको विधासिद्धान्त र मार्क्सवाद, अन्तर्वस्तु तथा रूपको द्वन्द्वात्मकता लगायतका पक्षमा केन्द्रित रहेर चर्चा गरिएको छ। साहित्य विश्लेषणको एउटा पक्षका रूपमा समाजवादी यथार्थवाद देखा पर्छ। पाण्डे (२०६४, पृ.३१६-३३८) को *पारिजातका उपन्यासमा समाजवादी यथार्थवाद* शीर्षकको शोधग्रन्थमासमाजवादी यथार्थवादका आधारमा पारिजातका उपन्यासको विश्लेषण गर्ने उद्देश्य राखिएको प्रस्तुत ग्रन्थ *अनिदो पहाडसँगै* (२०३९) लगायतका उपन्यासको समाजवादी यथार्थवादी सिद्धान्तलाई आधार बनाई विश्लेषण गरिएको देखिन्छ। यीमध्ये *अनिदो पहाडसँगै* उपन्यासको विश्लेषणका क्रममा वैचारिकता, चरित्र निर्माण, कथ्यगत दृष्टि, अभिव्यक्तिमा समाजवादी यथार्थवाद, वस्तुविन्यास र संरचना तथा केही कमजोरी, त्रुटि र दुर्बलतालाई आधार बनाई विश्लेषण गरिएको छ। मूलतः पाण्डेद्वारा औपन्यासिक तत्त्व र अंशतः समाजवादी यथार्थवादको सार ग्रहण गरी अध्ययन गरिएको छ।

त्यसैगरी शिवकुमार मिश्रको *मार्क्सवादी साहित्य चिन्तन* (सन् १९७३), ऋषिराम भुसालको *प्रगतिवादी समालोचना र नेपाली समालोचनामा त्यसको प्रयोग* (२०३८), देवीप्रसाद गौतमको *प्रगतिवाद : परम्परा र मान्यता* (२०३८), पशुपतिनाथ तिमल्सेनाको *प्रगतिवादी कविता : मान्यता र प्रवृत्ति* (२०६४), दीपक गौतमको *समकालीन प्रगतिवादी नेपाली कथाका प्रवृत्ति* (२०६४) आदि शीर्षकमा पनि अध्ययनहरू भएका देखिन्छन्। प्रस्तुत पूर्वकार्यको पुनरवलोकन गर्दा मार्क्सवादी

दृष्टिमा सैद्धान्तिक अध्ययनहरूका तुलनामा प्रायोगिक अध्ययनहरू भएको देखिँदैन । आख्यान नेपाली भाषा साहित्यको सशक्त क्षेत्र हो । यस क्षेत्रमा विभिन्न दृष्टिले गहन एवम् व्यवस्थित अध्ययन हुँदै जानुपर्ने आवश्यकता देखिन्छ । वस्तुतः आख्यानअन्तर्गत *थैले खत्रीको इतिहास* कथामा वर्गसङ्घर्षको चेतना विश्लेषणमा केन्द्रित भई अध्ययन भएको छैन । यही शोध अन्तराललाई उपयोग गरिएकाले यो शोध औचित्यपूर्ण रहेको छ ।

## समस्याको कथन तथा उद्देश्य

थैले खत्रीको कथामा वर्ग सङ्घर्षको चेतना खोजी गर्नु यस शोधको प्रमुख समस्या रहेको छ । यस क्रममा कथाका पात्रले भोगेका वर्ग सङ्घर्षका चेतनाका सन्दर्भहरू पहिल्याउनु जरुरी हुन्छ । पात्रले भोगेका सचेत सन्दर्भहरूलाई मार्क्सवादी साहित्य विश्लेषणको मूल पक्ष वर्ग सङ्घर्षको आधारबाट विवेच्य कृति विश्लेषण गर्नु यस लेखको उद्देश्य रहेको छ ।

## अध्ययन विधि

प्रस्तुत लेख अनुसन्धानको गुणात्मक पद्धतिमा आधारित छ । गुणात्मक तथ्य प्राप्तिका लागि प्राथमिक सामग्रीका रूपमा *थैले खत्रीको इतिहास* कथा र द्वितीयक सामग्रीका रूपमा अनुसन्धानमूलक पुस्तक, शोधपत्र, लेख, जर्नल तथा पाठ्यसन्दर्भहरूको गहन अध्ययन तथा अनुशीलन गरी तयार गरिएको यस लेखमा तथ्य विश्लेषणका लागि वर्णनात्मक विधि प्रयोग गरिएको छ । ज्ञानको स्रोतका रूपमा यसमा एकातिर मार्क्सवादी साहित्य सिद्धान्तको सैद्धान्तिक आधार ग्रहण गरिएको छ भने अर्कातिर कथाकारले कथामा उपयोग गरेको वर्ग सङ्घर्षको चेतनाको सन्दर्भलाई केन्द्रमा राखिएको छ । वर्ग सङ्घर्षका आधारमा *थैले खत्रीको इतिहास* कथाका तथ्यहरू सङ्कलन गरी तिनको वर्गीकरण र प्रस्तुतीकरण गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

पाश्चात्य साहित्य तथा समालोचनाको क्षेत्रमा प्रचलित प्रोग्रेसिभिज्म (Progressivism) शब्दको नेपाली अनुवाद प्रगतिवाद हो । यसलाई समाजवादी यथार्थवाद पनि भन्ने गरिन्छ । खासगरी यथार्थवादमा मार्क्सवादी चिन्तनको प्रधानता रहन थालेपछि यसलाई समाजवादी यथार्थवाद भन्न थालिएको हो । सन्दर्भअनुसार यसलाई प्रगतिशील विचार, परिवर्तनकारी विचार, क्रान्तिकारी विचार, वामपन्थी विचार वा मार्क्सवादी विचार आदि नामले बुझ्न सकिन्छ (भण्डारी र पौडेल, २०६३, पृ. २३९) ।

एक दार्शनिक, अर्थशास्त्री, राजनीतिशास्त्री हेनोरी कार्ल मार्क्स (सन् १८१८ देखि १८८३ ) र एङ्गेल्स (सन् १८२० देखि १८९५) का विचार, सिद्धान्त र मान्यतामा आधारित सिद्धान्त मार्क्सवादी सिद्धान्त हो । प्रगतिवादले मार्क्सवाद र द्वन्द्वात्मक भौतिकवादसँग घनिष्ट सम्बन्ध राख्दछ । यो विश्वमा ज्ञानका विविध क्षेत्रहरूमा प्रभाव पार्न सफल राजनीतिक, सामाजिक तथा वैज्ञानिक

सिद्धान्तका रूपमा चिनिएको छ। समाजशास्त्र, दर्शनशास्त्र, अर्थशास्त्र र साहित्य सिद्धान्तमा यसको गहिरो प्रभाव परेको देखिन्छ। साहित्य समालोचनामा यसको समृद्ध परम्परा रहेको परिप्रेक्ष्यमा संसारभरका समालोचक र सर्जकमा यसको प्रभाव रहँदै आएको देखिन्छ।

मार्क्सवाद पुँजीवादी समाजको विरोधबाट जन्मिएको आर्थिक र राजनीतिक सिद्धान्त हो। उत्पादनका साधनमा आफ्नो स्वामित्वका कारण पुँजीवादले उत्पादन प्रणालीलाई पनि आफ्नो प्रभावमा पार्ने गर्दछ। पुँजीवाद उत्पादनका साधनमा निजी स्वामित्व तथा अतिरिक्त श्रमको शोषणमा आधारित आर्थिक अवस्था हो (भट्टराई, २०६९, पृ. १३२)। आफ्नो सर्तमा आधारित श्रम प्रणालीले गर्दा श्रमिक वर्गको यसले सधैँ शोषण गर्दछ र यही शोषणका कारण समाजमा सर्वहारा र पुँजीपतिजस्ता दुई वर्गको जन्म हुन्छ। त्यसैगरी पुँजीवादले सर्वहारा वर्ग जन्माउने र त्यस वर्गको शोषणबाट नै पुँजीवाद टिक्ने गरेको पाइन्छ। यसरी पुँजीवादले प्रभुत्वशाली पराधीन वर्ग जन्माउने र त्यो वर्ग क्रान्तिकारी नहुने ठहर मार्क्सवादको छ।

मार्क्सवादको दार्शनिक आधार द्वन्द्वात्मक भौतिकवाद हो। मार्क्सका अनुसार हाम्रो चेतनाले हाम्रो अस्तित्व निर्धारण गर्ने नभएर हाम्रो अस्तित्वले हाम्रो चेतनालाई निर्धारण गर्दछ। साहित्यलाई हेर्ने द्वन्द्वात्मक भौतिकवादी मान्यतालाई हेर्दा साहित्य र कला सोद्देश्यपरक हुने, समाज परिवर्तनको महत्त्वपूर्ण कारक बन्ने तथा समाज विश्लेषणका सन्दर्भमा आधारअनुसार अधिरचना जन्मने हुँदा आधारका रूपमा वर्ग र अधिरचनाका रूपमा साहित्य रहेको देखिन्छ (बिस्ले, सन् १९९९, पृ.६०-६१)। यसअनुसार समाजको आर्थिक आधारका रूपमा वर्ग विभेद रहेको हुन्छ। यसरी हेर्दा साहित्य आर्थिक आधारकै अधिरचनाका रूपमा रहने गर्दछ भने लेखक साहित्य सिर्जनाका अतिरिक्त समाज र जनताप्रति प्रतिबद्ध रहने गर्दछ।

ऐतिहासिक भौतिकवादी मान्यता मार्क्सवादको अर्को प्रमुख पक्ष हो। ऐतिहासिक भौतिकवाद इतिहासको भौतिकवादी व्याख्यामा आधारित छ। इतिहासको विकास नै युग विकास हो र यसले समाज विकासका नियमहरूको व्याख्या गर्छ भन्ने मान्यता राख्दछ। आदिम साम्यवाद, दास युग, सामन्तवादी युग, पुँजीवादी युग हुँदै समाजवाद र साम्यवादमा पुग्न सकिने व्याख्यालाई यसले प्रस्तुत गरेको छ। आर्थिक आधार र अधिरचनाले नै युग र समाजमा रूपान्तरण ल्याउने गर्छ। यसरी आधार सदैव आर्थिक हुने र त्यही आधारका जगमा धर्म, कानुन, साहित्य, कला, विज्ञान, विचारधाराजस्ता अधिरचना जन्मने दृष्टिकोण यसको छ।

वर्ग सङ्घर्षको सिद्धान्त ऐतिहासिक भौतिकवादको पूरक सिद्धान्त पनि हो। आफ्नो श्रमको शोषण भएको अनुभूति मजदुर वर्गले गर्न थालेपछि उनीहरू भौतिक रूपमा नै पुँजीपतिहरूको विरोध गर्न थाल्ने स्थितिलाई वर्ग सङ्घर्ष भनिन्छ (देवकोटा र ओझा, २०७३, पृ. १९९)। समाजमा सम्पत्ति, प्रतिष्ठा र शिक्षाका कारण वर्गीय सत्ता र त्यसको वर्चस्व कायम हुन्छ। मार्क्सवादले समाजको

आजसम्मको इतिहास वर्ग सङ्घर्षको इतिहास हो भन्दै दास युगमा दास र मालिक, सामन्तवादी युगमा सामन्त र किसान, पुँजीवादी युगमा सर्वहारा र पुँजीपतिका बिचको सङ्घर्षको इतिहास रहेको कुरालाई औँल्याएको छ। समाजको व्यक्तिगत पुँजी नै समता र स्वतन्त्रताको बाधक हो, असमानताको कारक हो, उच्चता र नीचताको सर्जक हो। सबै वर्ग र समुदायका लागि समान प्रकृतिको समाज साम्यवादमा मात्र सम्भव छ (भट्टराई, २०६९, पृ. ३२१)। यसप्रकार मालिक र दास, जमिनदार र किसान, पुँजीपति र सर्वहारा समाजका परस्पर विरोधी वर्ग हुने र साम्यवादी समाजमा मात्र वर्गको अन्त्यको अवस्था रहने मान्यता यसमा देखा पर्छ। यसरी पुँजीवादको विरोधका लागि सर्वहारा वर्ग नै एकजुट हुनुपर्छ, यस्तो सङ्गठित र एकतापूर्ण क्रान्तिबाट मात्र अपेक्षित परिवर्तन वा मुक्ति सम्भव हुन्छ भन्ने धारणा मार्क्सवादको छ।

यसरी साहित्य चिन्तनको सोभियत परम्परा र समाजवादी यथार्थवादको स्थापनाले मार्क्सवादी साहित्य सिद्धान्तको विकासमा योगदान दिएको छ। ती चिन्तक र तिनका चिन्तनको विश्लेषणका आधारमा मार्क्सवादी समालोचनाको विकासक्रम र मान्यताको बोध गर्न सकिन्छ। यस सन्दर्भमा प्रसिद्ध कवि भ्लादिमिर मायाकोब्सीलाई प्रगतिवादी कविका रूपमा चिनिन्छ। सन् १९३५ मा फ्रान्समा प्रगतिशील लेखक संघ र सन् १९६२ मा बेलायतमा नयाँ हस्ताक्षर अभियान सुरु भएपछि यसले अन्तर्राष्ट्रिय रूपमा मान्यता प्राप्त गरेको देखिन्छ। नेपालमा प्रगतिवादी साहित्यिक अभियानको आरम्भ वि.सं. २०४७ देखि सुरु भएको हो (गौतम, २०६४, पृ. १)। नेपाली साहित्यमा प्रगतिवादी स्रष्टाका रूपमा रमेश विकल, पारिजात, श्यामप्रसाद शर्मा, भूपि शेरचन, नारायण ढकाल, प्रदीप नेपाल, भवानीप्रसाद शर्मा, उषा शेरचन आदिले योगदान दिएका छन्। प्रस्तुत लेख प्रगतिवादमा आधारित मार्क्सवादी साहित्य विश्लेषणका सबै पक्षहरूमा आधारित नभई वर्ग सङ्घर्षमा मात्र केन्द्रित रहेको छ।

## नतिजा र छलफल

### सङ्क्षिप्त कथावस्तु

प्रस्तुत *थैले खत्रीको इतिहास* कथा वि.सं. २०४३ सालको *उत्साह* पत्रिकामा प्रकाशित भएको र पछि *धरहराको सहर* (२०६२) कथा सङ्ग्रहमा सङ्गृहीत देखिन्छ। विभिन्न छ अध्यायमा संरचित प्रस्तुत कथाको पहिलो अध्यायमा शत्रुलाई खुला चुनौती दिने थैले खत्री जिउँदो भएको कुरा उल्लेख गर्दै उसको जन्म, जन्मस्थान, उसको समाज र परिवेशलाई चित्रण गरिएको छ। गाउँको निम्न वर्गीय किसान नरबहादुर खत्रीले गाउँलेले दिएका स्कुस, आलु आदि राख्ने थैलो सधैँ भिरेर हिड्ने भएकाले उसको नाम थैले खत्री जुराइएको थियो। त्यस्तै सानो अनि शारीरिक जीउडाल नपरेको हरिप्रसाद कार्कीलाई ख्याउटे कार्की भन्ने गरिएको कुरा पनि उल्लेख गरिएको छ। सर्वप्रथम सम्पन्न कार्कीले विपन्न खत्रीको उर्वर जमिन कब्जा गर्ने अभिप्रायले पटकपटक गोरु नार्छ। थैले खत्री रिसले आगो हुँदै खेतको माथितर्फ लाग्छ। उता कार्कीले आफूमाथि खनिन लागेको देखेर बन्दुक उठाएर खत्रीको टाउको ताकी प्रहार गर्छ तर गोली एक हात माथिबाट जान्छ र ऊ बाँच्न

सफल हुन्छ । यस क्रममा उसले "जोता ख्याउटे जोता, बाबुको छोरा रछु भने ब्याजसहित फिर्ता लिउँला । होइन, तँजस्ता दुई बाउको छोरो र'छु भने तेरो गोडामा लत्रिन आउँला (नेपाल, २०६२, पृ. ९६ )" भन्दै समय आएपछि बदला लिने निर्णय सुनाउँछ ।

कथाको दोस्रो अध्यायमा ख्याउटेसँग झगडा भएको तीन दिनपछि थैले गाउँबाट हराएको सन्दर्भ उद्घाटित छ । यही समयमा उसको घरमा ख्याउटेले आगो लगाएको र त्यसको प्रतिकार गर्दा खत्रीकी श्रीमतीलाई अपशब्द भनेको सन्दर्भ यस खण्डमा उल्लेख गरिएको छ । तेस्रो अध्यायमा तीन वर्ष दश महिनापछि थैले खत्री गाउँमा आएको हल्ला चल्छ । उसले चिठीमा सूचना गराएर पहिला एक्काइस गतेका दिन ख्याउटेको गोदाममा आगो लगाइदिने धम्की दिन्छ र यो कार्य गर्न सफल हुन्छ । पाँच दिनपछि अर्को चिठी पठाउँदै चार महिनाभित्र गोठमा आगो लगाइदिने धम्की दिन्छ । थैलेको खोजीका लागि सुराकी गरिए पनि पत्ता लगाउन ख्याउटेलाई हम्मेहम्मे पर्छ । जेठको अन्तिम हप्तामा भने थैले र ख्याउटेको जम्का भेट हुन्छ । ख्याउटेले घोडा रोक्छ । थैलेले उसको घोडा मार्ने लक्ष्य राख्दा ख्याउटेको हातमा लाग्छ र ऊ रन्थनिन्छ । केही समयपछि घर पुगेको ख्याउटेले गोठ डढेको देख्छ । यस्तो अवस्थाबाट अत्तालिएको ख्याउटेले बडाहाकिमलाई चिठी लेख्छ ।

गाउँमा पुलिसहरू आएको सन्दर्भसँगै कथाको चौथो अध्याय प्रारम्भ हुन्छ । पुलिसहरू सुरासुन्दरीहरूसँग रमाइरहेका बेला यो घटना ख्याउटे र आफ्नो भएको बडाहाकिमले बताएकाले पुलिसहरूको हस्तक्षेप स्वीकार्य नहुने थैले खत्रीको विचार हुन्छ । तीन महिना जति थैलेको खोजी कार्य भइरहेको तर नभेटेपछि फर्कन्छन् र फर्केको रात नै थैलेले खेतको धान काटेर लैजान्छ । ख्याउटेले पुनः पुलिसलाई बोलाएर ल्याउँछ । दिनभर आराम गर्ने रातभर पुलिसले गस्ती गर्ने कार्य भइरहेका बेला एक पटक थैलेसँग भेट हुन्छ । फायरिङ्सहित लडाइँ हुन्छ । यसबिच एक पुलिसको ज्यान जान्छ । पुलिसलाई चिठी पठाउने क्रममा चुचे नाम गरेको नोकरको सहयोग लिएर सुत्केरी श्रीमतीको हत्या गराइदिएको रहस्योद्घाटन गर्दछ ।

पाँचौँ अध्यायमा थैले खत्रीलाई गिरफ्तार गरिएको, पुलिसका जवान, हाकिम र बडाहाकिमले निर्मम यातना दिँदै सहर पुऱ्याएको सन्दर्भ उल्लेख गरिएको छ । सहरमा पनि बन्दुकका सङ्गीनले आँखामा घोच्न लाग्दा आँखीभौमा काटेर रगताम्य भएको ढुङ्गामा हात राख्न लगाएर त्यसमाथि प्रहार गरी चरम यातना दिएको सन्दर्भ उल्लेख छ ।

छैटौँ अध्यायमा थैलेलाई जेल हालिएको सन्दर्भ छ । पाँच वर्ष काठमाडौँ र भोजपुरका जेलमा बिताएको थैलेले पश्चात्ताप बोध गरेको छ । भाँचिएको टेढो हात आँखीभौँमा लागेको गहिरो खतसँगै जेल जीवन बिताएको थैलेको चिहान २३ वर्षपछि साबिक नारायणी अञ्चलको चितवन जिल्लामा पर्ने राप्ती नदीको किनारमा भएको उल्लेख छ भने उसको मृत्युको कारण र विवरण रहस्यमय रहेको सन्दर्भसँगै कथाको अन्त्य भएको देखिन्छ ।

***थैले खत्रीको इतिहास* कथामा वर्ग सङ्घर्षका सन्दर्भहरू**

समाजमा सम्पत्ति, प्रतिष्ठा र शिक्षाका कारण वर्गीय सत्ता र त्यसको वर्चस्व कायम हुन्छ। त्यसको दबाबमा गरिब र सोझा नागरिक पर्ने गर्दछन् भन्ने मार्क्सवादी मान्यताका आधारमा कथाको प्रमुख पुरुष पात्र थैले खत्रीको जीवनशैली प्रभावित भएको छ। गाउँको गरिब, सोझो र इमानदार मान्छेका रूपमा थैले खत्री कथामा परिचित छ। "घरबाट निस्कँदा सधैँ उसको काँधमा एउटा पुरानो र मैलो झोला झुन्डिएको हुन्थ्यो" (नेपाल, २०६२, पृ.९३)। यस सन्दर्भबाट उसको गरिबी, सोझो र सरलपनाको परिचय छर्लङ्ग हुन्छ। यद्यपि गरिब भए पनि थैले खत्री अन्याय र अत्याचारका विरुद्धमा उत्रने विद्रोही स्वभावको पात्रका रूपमा देखिएको छ। ऊ गरिब भए पनि शोषक, सामन्तका अन्याय र अत्याचारका विरुद्धमा आवाज बुलन्द गर्ने सच्चा चेत भएको र सशक्त विद्रोहको भावना भएको पात्र हो। गाउँको सम्पन्न ख्याउटे कार्कीले आफ्नो खेतमा गोरु नारेको देखेपछि रिसले आगो भएको थैले खत्रीलाई ख्याउटे कार्कीले बन्दुकले हान्ने हिम्मत गरेर उसतर्फ लक्षित गरेपछि थैलेले ख्याउटेलाई मुखभरिको जवाफ फर्काउन सक्षम भएको छ। "जोता ख्याउटे जोता, बाबुको छोरा र'छु भने ब्याजसहित फिर्ता लिउँला। होइन, तँजस्ता दुई बाउको छोरो र'छु भने तेरो गोडामा लत्रिन आउँला" (पृ. ९६ )। यसरी उच्च वर्गको व्यक्ति ख्याउटेले निम्न वर्गको व्यक्ति थैले खत्रीमाथि गरेको थिचोमिचोको विरोध गरी सबैको समान हैसियतको खोजी गरेको अवस्था उद्घाटन भएको सन्दर्भ देख्न सकिन्छ। कथामा सिर्जना गरिएको यही घटनाबाट नै कथाकारले उच्च वर्गका व्यक्तिले जेजस्तो व्यवहार गरिरहे पनि सहेर बस्नु हुँदैन, पहिला वचनले प्रतिकार गर्नुपर्छ र यसका विरुद्ध सङ्घर्ष गर्दै अघि बढ्नुपर्दछ भन्ने भावना थैले खत्रीका माध्यमबाट मुखरित गरेका छन्।

अन्यायमा परेको थैले खत्री आफू विरुद्ध ख्याउटेको र उसलाई जुन समर्थन र साथ गाउँबाट प्राप्त भएको छ, यसबाट कत्ति पनि विचलित हुँदैन। "मर्द भई जन्मेपछि कहीँ पहाडसँग पनि ठोक्किनु पर्छ, ख्याउटे बाँदरको त के कुरा ख्याउटेका हुलै आए पनि थैले डराउँदैन" (पृ.९५)। उसको यस अभिव्यक्तिमा सशक्त वर्गसङ्घर्षको चेतना प्रस्तुत भएको छ। दुईदुई पटक आफ्नो खेत ख्याउटेले जोताएकाले प्रतिकार गर्दा बडाहाकिमबाट न्याय पाउँदैन। यो झगडा ख्याउटे र थैलेबिच मात्र भएको हो भन्ने कुरा पुलिसहरूले गरेका छन् भन्ने बडाहाकिम थैलेको समस्यामा मौन देखिएको छ। बडाहाकिम, पुलिस र गाउँका गन्यमान्यले पनि शोषक र सामन्तलाई नै साथ र सहयोग गरिरहेका हुन्छन्। त्यसपछि अन्यायमा परेको थैले खत्री भूमिगतजस्तै हुन्छ।

अति भएपछि खती त हुने नै भयो। प्रकृतिको पाठशालाले पनि बेलाबेलामा यस्ता दृष्टान्तहरू देखाइरहेको हुन्छ। गरिबहरू झन्झन् गरिब हुँदै जाने अवस्था जब्बर बन्दा न्यायको तराजु पनि झन्झन् निकम्मा बन्दै जान्छ भने त्यसपछिको आवाज बन्दुकको नालबाट मात्र निस्कन्छ

भन्ने कुरा जुनकुनै बेला सत्य साबित भइदिन सक्छ । वार्ता, बहस र विमर्शको सन्दर्भ एकापट्टि होला, अर्कापट्टि यसका विकल्पहरू पनि त निस्तेज नहोलान् ! मार्क्सवादी द्वन्द्वात्मक भौतिकवादअनुरूप मान्छे त्यस्तो अवस्था आउँदा जुनकुनै परिस्थितिमा बन्दुक बोक्न तयार हुन्छ । यही विचारमा सहमति राख्ने थैले खत्री परिवर्तनका लागि द्वन्द्व नै स्वाभाविक भएको निर्णयमा पुग्दछ । न्यायविहीन भएपछि थैले दलको आश्रयमा पनि ओत लाग्न पुगेको छ । प्रतिरोध, विरोध र विद्रोहका लागि सङ्गठित हुन खोजेको छ । "ख्याउटे उहिल्यै म निहथ्या भएको बेला तैँले यही जेठ महिनामा मलाई मार्न राइफल चलाएको थिइस् । त्यसको साटो आज म तँलाई मार्न पनि सक्छु तर एकबाजीलाई ज्यान बक्स भयो, बानी सुधारिस् भने बाँच्न पाउँछस्" (पृ ९८) भनी सामन्तवादसँग बदला लिन उसले चिठीमार्फत खबर पठाएको छ । लुकिछिपी नभई खबर गरेर नै खुला, हाँक र चुनौतीको सामना गर्दै उसले शत्रुसँग बदला लिन उद्यत देखिन्छ । "ख्याउटे म आइपुगें । तैँले मेरो खेत लुटिथिस्, म नभएको मौका पारेर मेरो घरमा आगो लगाइछस् । मेरी स्वास्नी अबला देखेर दुर्वचन बोलिछस् र गाउँबाट खेदिछस् । म तेरो गोदाममा आगो लगाइदिन्छु, हिम्मत भए आइज" (पृ. ९७) । यसरी ख्याउटेसँग बदला लिने अडानमा रहेको थैले ख्याउटेको सुराकीबाट निडर हुँदै देखिन्छ । प्रत्येक पटकको योजनाअनुसार ऊ सफल हुँदै पनि जान्छ । ख्याउटेलाई मार्ने उद्देश्यले गोली चलाउँदा ख्याउटेलाई लाग्छ । घाइते ख्याउटे आफ्नो घर जाँदा गोठ जलेको हुन्छ, ऊ आत्तिन्छ । यी घटनाबाट त्रसित र आतङ्कित भएको ख्याउटे सामन्तवादका नाइकेसँग सहयोग माग्छ । सामन्ती बडाहाकिमले पुलिस त पठाइदिन्छ तर सत्ताधारी पुलिसहरूद्वारा सामन्तवादका मतियारका रूपमा थैले खत्रीको नै खोजी गरिन्छ । थैले खत्रीलाई नभेटाएपछि पुलिस त्यत्तिकै फर्कन्छन् । पुलिस फर्केको रात थैलेले आफ्नो खेतमा रोपिएको सात मुरी जति धान काटेर लैजान्छ । गरिबहरू प्रतिकूल परिस्थितिलाई पनि आफ्नो अनुकूलतामा उपयोग गरेर आफू त्यसमा सक्षम बन्दै जाने अवस्था वर्ग सङ्घर्षको परिणाम हात पार्नु हो ।

खराब मनसाय नभएको थैले खत्रीले बन्दुक उठाउनुका पछाडि भय र आतङ्कभन्दा पनि सामन्तको प्रतिरोध गर्ने क्रान्तिकारी तथा विद्रोही चेत प्रबल रहेको देखिन्छ । पुलिस लिन सदरमुकाम गएको ख्याउटे पुलिसलाई गाउँतिर पठाएर आफू मोरङतिर लाग्छ । पुलिसले दिनभर ख्याउटेका घरमा खाने, बस्ने र राति गस्ती गर्ने गर्दछन् । एक दिन पुलिस र थैलेको जम्काभेट भएको अवस्थामा दोहोरो भिडन्त हुन्छ । त्यस भिडन्तमा पुलिसको ज्यान जान्छ । यस अवस्थाले क्रान्तिकारी र विद्रोही स्वभावको थैलेले अन्ततः सामन्तवादका मतियार पुलिसलाई समाप्त पार्न सक्षम भएको छ । यसरी पुँजीवादको विरोधका लागि सर्वहारा वर्ग नै एकजुट हुनुपर्छ, यस्तो सङ्गठित र एकतापूर्ण क्रान्तिबाट मात्र सम्भव हुन्छ भन्ने प्रगतिवादी चेतनाअनुरूप थैलेले क्रान्तिको सुरुवात आफैँबाट गरेको देखिन्छ ।

सम्पत्ति र पहुँचको धाक देखाएर आफ्ना कमजोरी लुकाउन खोज्ने अनि गरिब, दुःखी र निमुखालाई जस्तोसुकै शोषण गर्न पनि पछि नपर्ने ख्याउटेका प्रवृत्ति विरुद्ध थैलेको अदम्य साहस

देखिन्छ । गरिबहरूप्रति गरिएको नियोजित षडयन्त्रका विरुद्ध थैलेले बोकेको बन्दुक क्रान्ति, विद्रोह, न्यायिक चेतना र आत्मबलको प्रतीक हो । आफ्नो र पुलिससँगको भिडन्तमा पुलिस मारिनु पनि पुँजीवादी सामन्तहरूलाई सिध्याउन गरेको अथक सङ्घर्ष नै हो । यसप्रकार थैले सामन्तवादको विरुद्धमा पर्दा पछाडि प्रशस्त साथ पाए पनि समाजवादी व्यवस्थाका लागि एक्लै लडेको वीर योद्धा हो । सामन्तहरूले थैलेलाई पक्राउ गरेपछि उसलाई दिइएको चरम यातना असह्य त छ नै तर सामन्तवादी चरित्रको हत्या गरेर गरिबका पक्षमा दह्रो आत्मबल, दृढ साहस र क्रान्तिकारी चेत भर्न *थैले खत्रीको इतिहास* कथा सबल र सक्षम देखिएको छ । अन्त्यमा गरिबका पक्षमा उच्च सहानुभूति र सामन्तहरूका पक्षमा घृणा भाव सञ्चार गराउने प्रस्तुत कथा प्रगतिवादी चिन्तनका आलोकमा उपयुक्त रहेको छ । यद्यपि यसमा केही असङ्गतिहरू पनि अवश्य रहेका देखिन्छन् । आर्थिक, लैङ्गिक, भाषिक आदि पक्षमा समानताको शङ्खघोष गर्ने मान्यताअनुरूपको लेखकीय अभिव्यक्ति कथाका कतिपय सन्दर्भमा सान्दर्भिक देखिन्न । उदाहरणका लागि "मेरी स्वास्नी अबला देखेर दुर्वचन बोलिछस् र गाउँबाट खेदिछस् । ...म तेरो गोदाममा आगो लगाइदिन्छु, हिम्मत भए आइज, छैन भने स्वास्नीको फरियामा लुक" (पृ.९७ ) । यसरी नारी जातिलाई अबला ठान्नु तथा कमजोर प्राणी ठानेर स्वास्नीको फरियामा लुक भन्ने तुच्छ लोकोक्तिलाई प्रश्रय दिनुले लेखकीय स्वाभिमानमाथि चोट पुऱ्याएको छ । यद्यपि उच्च वर्गका व्यक्ति तथा पुँजीवादी समाजबाट पाएको दुःख, हन्डर, पीडा र शोषणको विद्रोह गरी आर्थिक रूपमा विपन्न र सम्पन्न वर्गबिच समान अवसर र स्थानका लागि सङ्घर्ष गरेको देखाएबाट कथा सशक्त बन्न पुगेको छ ।

## निष्कर्ष

नेपाली कथासाहित्यको विकास यात्रामा प्रगतिवादी धारामा गतिशील भएर सशक्त रूपमा कलम चलाउने प्रदीप नेपालको *थैले खत्रीको इतिहास* कथामा वर्गीय उत्पीडन, जातीय र लैङ्गिक थिचोमिचो, निरङ्कुश सत्ताको दमन र त्यसका विरुद्धको प्रतिरोध तथा घातप्रतिघात, आशा, निराशाको घतलाग्दो चित्रण भएको पाइन्छ । यसबाट वर्ग सङ्घर्षको अवस्था प्रस्ट रूपमा प्रकट भएको छ । प्रस्तुत कथामा शासक वर्गहरू सत्तामा बसेर जनताहरूलाई दमन गरेका, राजनीतिक र प्रशासनिक अधिकारबाट सर्वसाधारणलाई वञ्चित गरेका र स्थानीय सामन्तको प्रयोग गर्दै जनतामाथि चरम शोषण दमन गरेका राज्यका मतियारहरूका व्यवहार तथा कार्यशैलीलाई सशक्त रूपले उतारिएको छ । यसका साथै समकालीन राजनीतिक अवस्था र सामाजिक द्वन्द्वलाई पनि घतलाग्दो रूपले प्रस्तुत गरिएको छ । पटकपटक आफ्नो खेतमा गोरु नार्ने, श्रीमतीलाई अपशब्द बोल्ने, गाउँ निकाला गर्ने, उचित न्याय दिने भनिएका बडाहाकिमले उल्टै अन्यायमा पार्ने जस्ता गरिबहरूप्रति गरिएका नियोजित षडयन्त्रका विरुद्धमा विद्रोहका क्रममा पुलिससँगको भिडन्तमा पुलिस नै मारिनुले पुँजीवादी सामन्तहरूलाई सिध्याउन गरिएको वर्गसङ्घर्षको उपयुक्त कदमलाई प्रस्ट देखाएको छ । सामन्तवादको विरुद्धमा पर्दा पछाडि प्रशस्त साथ पाए पनि समाजवादी व्यवस्थाका लागि एक्लै लडेको वीर योद्धा थैलेलाई सामन्तहरूले पक्राउ गरेपछि उसलाई दिइएको चरम यातना असह्य त छ नै तर सामन्तवादी चरित्रको हत्या गरेर गरिबका पक्षमा आत्मबल, दृढ

साहस र क्रान्तिकारी चेत भर्न कथा सबल र सक्षम देखिएको छ। समाजमा प्रचलित रहे पनि लैङ्गिक दृष्टिले तुच्छ अनुभूति हुने केही शब्दावलीको प्रयोगले सभ्य तथा समतामूलक समाज निर्माणमा कथाकार चुकेका देखिन्छन् तर गरिबका पक्षमा उच्च सहानुभूति र सामन्त वर्गमा घृणाको भाव सञ्चार गराउन सकेकाले प्रस्तुत कथा प्रगतिवादी चिन्तनका आलोकमा वर्ग सङ्घर्षको स्थिति देखाउन सक्षम रहेको छ।

## सन्दर्भसामग्री सूची


गौतम, दीपक (२०६४), *समकालीन प्रगतिवादी नेपाली कथाका प्रवृत्ति,* दीपक गौतम।

गौतम, देवीप्रसाद (२०४९), *प्रगतिवाद : परम्परा र मान्यता,* मुना गौतम।

ढकाल, घनश्याम (२०५४), *मार्क्सवादी सौन्दर्यशास्त्रका विवेचना,* विजय ढकाल।

तिमल्सेना, पशुपतिनाथ (२०६४), *प्रगतिवादी कविता : मान्यता र प्रवृत्ति,* ओजन बुक्स एन्ड स्टेसनरी।

देवकोटा, पदमलाल (सम्पा.) र नेत्र ओझा (२०७३), *समाजका ढाँचाहरू,* एकेडेमिक बुक सेन्टर।

नेपाल, प्रदीप (२०६२), *धरहराको सहर,* साझा प्रकाशन।

पाण्डे, भवानीप्रसाद (२०६४), *पारिजातका उपन्यासमा समाजवादी यथार्थवाद,* अल्टिमेट मार्केटिङ प्रा.लि.।

पौड्याल, कृष्णविलास (२०७७/२०७८), *आधुनिक नेपाली कथा, उपन्यास र नाटक,* नवीन प्रकाशन।

बराल, ऋषिराज (२०५६), *उपन्यासको सौन्दर्यशास्त्र,* साझा प्रकाशन।

बिस्ले, क्रिस (सन् १९९९), *ह्वाट इज फेमिनिज्म,* लन्डन थाउजन बुक्स, एसएजीई पब्लिकेसन।

भट्टराई, रमेशप्रसाद (२०६९), मार्क्सवाद र साहित्य सिद्धान्त, *भृकुटी,* अङ्क १५, पृ. ३१९ - ३४९।

भण्डारी, पारसमणि र पौडेल, माधवप्रसाद (२०६३), *साहित्यशास्त्र र नेपाली समालोचना,* विद्यार्थी पुस्तक भण्डार।

भुसाल, ऋषिराम (२०३८), *प्रगतिवादी समालोचना र नेपालीमा त्यसको प्रयोग,* स्नातकोत्तर नेपाली अप्रकाशित शोधपत्र, नेपाली केन्द्रीय विभाग।

मार्क्स, कार्ल; एङ्गेल्स, फ्रेडरिक र लेनिन, भ्लादिमिर (सन् १९८८), *ऐतिहासिक भौतिकवाद,* प्रगति प्रकाशन।

मिश्र, शिवकुमार (सन् १९७३), *मार्क्सवादी साहित्य चिन्तन,* हिन्दी ग्रन्थ अकादमी।

लामिछाने, यादवप्रकाश र लामिछाने, गीता (२०७९), *नेपाली कथा र उपन्यास,* विद्यार्थी पुस्तक भण्डार।